# सोताङ गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
सोताङ, सोलुखुम्बु

प.सं. २०७४/०७५
च.नं. ३५६

प्रदेश नं. १, नेपाल
मिति : २०७५/०३/२८

**विषय : गोप्य शिलबन्दीद्वारा हाट बजार/हटिया शुल्क उठाउन ठेक्का लगाउने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा सोताङ गाउँपालिका वडा नं. ५ मा अवस्थित शिवटार वजारमा प्रत्येक हप्ता लाग्ने हटिया/हाटवजारबाट विभिन्न पसलहरुमा गाउँपालिकाले निर्दिष्ट गरेको शुल्कहरु उठाउन मिति २०७५ असार २८ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णयानुसार बोल कबोल वढावढ शिलबन्दीबाट उक्त शुल्क उठाउन ठेक्का लगाउन यो सूचना जारी गरिएको छ । इच्छुक व्यक्ति तथा संस्थाहरुले मिति २०७५ असार २८ गतेदेखि ७ (सात) दिन भित्रमा सोताङ गाउँपालिकाको कार्यालयमा तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही बोलपत्र सहित आवेदन पेश गर्न अनुरोध छ ।

**शर्तहरु :**

१. आवेदन पेश गर्ने व्यक्तिले निवेदन सहित आफ्नो नागरिकताको फोटोकपी र संस्थाको हकमा निवेदन सहित संस्था दर्ताको प्रमाणपत्र, संस्था नविकरणको प्रमाणपत्र तथा पान नम्बरको छाँयाकपी समेत पेश गर्नु पर्नेछ ।

२. आवेदकले बोल कबोलको न्यूनतम रकम प्रतिहप्ता रु. १५००।- (अक्षरेपी पन्ध्र सय मात्र) मा नघट्ने गरी बोल कबोल वढावढ रकम निवेदन मै स्पष्ट खुलाइ गोप्य रुपमा शिलबन्दी सहित खामबन्दी गरी पेश गर्नु पर्नेछ ।

३. आवेदकले आवेदन खामबन्दी सहित रु. २,०००।- (अक्षरेपी दुई हजार मात्र) धरौटी सहित पेश गर्नु पर्नेछ ।

४. आवेदकहरुले मिति २०७५ साउन २ गते वेलुका ५:०० वजे भित्र पेश गरी सक्नु पर्नेछ र उक्त खामबन्दीहरु २०७५ साउन ३ गते दिनको ११:०० वजे गाउँपालिकाको हलमा सवै आवेदकहरुको उपस्थितिमा खोलिने छ ।

खगेन्द्र प्रसाद मैनाली
प्रमुख प्रशासकिय अधिकृत